बैठक मितिः २०८०/९/३

बैठक सङ्ख्याः १८

छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रक्षा मन्त्रालयबाट प्राप्त देहायका आयोजनाको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० अनुसार अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्तको अधिनमा रही नेपाल सरकारको स्वीकृत नीति, प्रचलित कानून तथा तोकिएका अन्य सम्बन्धित मापदण्डहरुलाई समेत पालना गरी कार्यान्वयन गर्ने गरी बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

क) काभ्रे जिल्ला, बनेपा नगरपालिका, वडा नं १३ र १४ को पेरुङ्गे डाँडामा निर्माण हुने राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय।

ख) कोशी कोरिडोर वरुण-च्याम्ताङ (चेनेज ८०+०० देखि १३४+००) ५४ कि.मि सडक खण्डको निर्माण तथा स्तरोन्नती।

ग) गंगटे-लब्धु-समुन्द्रटार-गोल्फुभञ्ज्याङ सडक खण्डको निर्माण तथा स्तरोन्नती।

घ) डुम्रे वेशीशहर चामे सडक खण्डको तनहुँ जिल्लाको चाम्बास बजार देखि तनहुँ र लमजुङ जिल्लाको सिमाना पाउदी खोला पुलसम्म (चेनेज ८+३०० देखि १८+८००) सडक खण्डको निर्माण तथा स्तरोन्नती।

ङ) भक्तपुर-नगरकोट-सिपाघाट-त्रिशुली-छहरे-विदुर सडक योजनाको तिनपिप्ले-रानीपौवा (चेनेज ९+०८५ देखि २१+६००) सडक खण्डको निर्माण तथा स्तरोन्नती।

च) वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम अन्तर्गत धनगढी-खुटीया-दिपायल-चैनपुर उरैभञ्ज्याङ सडक खण्डको निर्माण तथा स्तरोन्नती।

छ) सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक योजनाको गुल्मी-सिर्सेनी-अर्खावाङ-गंगरे (चेनेज११९+३०० देखि १३४+१००) सडक खण्डको निर्माण तथा स्तरोन्नती ।

ज) वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम अन्तर्गत धनगढी-खुटीया-दिपायल-चैनपुर उरैभञ्ज्याङ सडक खण्डको स्तरोन्नती ।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त देहायका आयोजनाको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० अनुसार अर्थ मन्त्रालयमा स्रोत सुनिश्चिताको लागि सहमति माग गर्ने।

क. रासी राजमार्ग नं.२ को अमेलिया-तुलसीपुर-कुपरकोट-सितलपाटी सडक अन्तर्गत चोरखोला-सितलपाटी सडक खण्डको निर्माण तथा स्तरोन्नती।

ख. मदन भण्डारी राजमार्गको बडीचौर-गुटु-कर्णाली (चेनेज १३+००० देखि २३+३४० र ४५+३४० देखि ६०+०००) सडक खण्डको स्तरोन्नती।

80/9/3

2080/09/03